# शेर्पा समुदायको अभ्यासमा रहेको प्रथाजनित संस्था नवा प्रथा

डा. पासाङ शेर्पा
pasangtu2010@gmail.com

**लेखसार**

हिमाली क्षेत्रमा परापूर्वकालदेखि बसोबास गर्दै आएका शेर्पा जातिले आफ्नो क्षेत्रका वनजङ्गल, भूमि, खेतीपाती र चरनक्षेत्रलाई प्रथाजनित संस्था*नवा*मार्फत कसरी दिगो रूपमा व्यवस्थापन, संरक्षण र उपभोग गर्दै आएका छन् भन्ने सम्बन्धमा लेखमा विश्लेषण गरिएको छ । शेर्पाहरूको संस्कार, संस्कृति, सामाजिक मूल्यमान्यता, बौद्धदर्शनमा आधारित हुनुका साथै जीवन र जगत्लाई हेर्ने आफ्नै विश्व दृष्टिकोण रहेका छन् । यिनीहरूले सामूहिकता, पारस्पारिकता, समन्वय र ऐक्यबद्धताको सिद्धान्तका आधारमा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्दै आएका छन् । सामाजिक, सांस्कृतिक, धार्मिक र आध्यात्मिक रूपमा प्राकृतिक स्रोत, जैविक विविधता र प्रकृतिसँग अन्योन्याश्रित सम्बन्ध रहेको हुनाले परापूर्वकालदेखि प्रथाजनित संस्था *नवा*मार्फत वनजङ्गल, चरनक्षेत्र, खेतीपाती व्यवस्थापन गर्दै आएका छन् । भौगोलिक रूपमा विकट हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा समुदायमा विगतमा राज्यको कुनै उपस्थिति नरहेको अवस्थामा अभ्यासमा रहेका *नवा* प्रथा परिवर्तित सामाजिक र राजनैतिक परिवेशमा पनि राज्यका कानुन र प्रथाजनित कानुन बिच परिपुरक र सहअस्तित्वमा वनजङ्गल र कृषि भूमिको व्यवस्थापनका साथै समुदायमा सामाजिक एकता, शान्ति र सुशासन कायम गराउन, जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलनमा समेत उल्लेखनीय भूमिका खेलेका छन् ।

**शब्दकुञ्जी** : प्रथाजनित कानुन, प्रथाजनित संस्था, विश्वदृष्टिकोण ।

**विषय प्रवेश**

नेपालको उच्च हिमाली भूभागमा परापूर्वकालदेखि बसोबास गर्दै आएका शेर्पाहरूले सदियौँदेखि आफ्नै प्रथाजनित कानुन र अभ्यासमार्फत

जल, जमिन, जङ्गल र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन गर्दै आइरहेका छन् (आजअविके, २०७९ पृष्ठ ६) । शेर्पा समुदायमा प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापन गर्ने आफ्नै प्रथाजनित कानुन छन् । आफ्नो पेसा व्यवसायको व्यवस्थापन, प्राकृतिक स्रोत-साधनको दिगो प्रयोग र व्यवस्थापन, समाजमा सुशासन र समाज विकास गर्न प्रथाजनित कानुनको अभ्यास गर्दै आएका छन् । प्रथाजनित कानुनलाई परम्परागत संस्था *नवा*मार्फत कार्यान्वयन र अभ्यास गर्दै आएका छन् र सामाजिकीकरण प्रक्रियामार्फत यो अभ्यास पुस्तान्तरण हुँदै आएको छ ।

शेर्पा समुदायमा वनजङ्गल, चरनक्षेत्र, कृषि भूमिको संरक्षण र दिगो व्यवस्थापनको लामो इतिहास छ । शेर्पाहरूको पुर्ख्यौली थातथलो मानिने सोलुखुम्बु जिल्लाको खुम्बु क्षेत्रमा *नवा* प्रथा प्रचलनमा रहेको छ । यो प्रथा दोलखा जिल्लाको रोलवालिङ क्षेत्रमा पनि प्रचलनमा छ । यो प्रथा गाउँको वनजङ्गल, खेतीयोग्य जमिन र चरन क्षेत्र (खर्क) को दिगो व्यवस्थापन र संरक्षण गर्ने उद्देश्यले विकास भएको पाइन्छ । हाइमनडोर्फ (१९६४, पृष्ठ १११) का अनुसार शेर्पा समुदायमा प्रचलित *नवा* प्रथाको मुख्य उद्देश्य उनीहरूको परम्परागत अर्थव्यवस्थालाई कायम राख्नु र प्राकृतिक स्रोत साधनको प्रयोगमा हुन सक्ने लापरवाहीलाई नियन्त्रण गर्नु रहेको छ । यसैले यस प्रथाको विकास स्थानीय तहमा उपलब्ध प्राकृतिक स्रोतसाधनको उचित संरक्षण र दिगो व्यवस्थापन, न्यायोचित वितरण र सबैको समान पहुँचको सुनिश्चितताका लागि भएको देखिन्छ ।

शेर्पाहरूले धार्मिक र सांस्कृतिक रूपमा आफ्नो गाउँ र भूक्षेत्रमा रहेका प्राकृतिक स्रोतहरूको संरक्षण र व्यवस्थापनमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएका छन् । बौद्ध धर्मावलम्बी शेर्पाहरूको अधिकांश संस्कृति, परम्परा र व्यवहार बौद्धदर्शनमा आधारित छ । शेर्पाहरूमा कुनै पनि जीवजन्तु र प्राणीहरूको हिंसा गर्नु हुँदैन, जङ्गलहरू जथाभावी फडानी गर्न हुदैन भनेर संरक्षण गर्ने गर्दछन् । धार्मिक विश्वास र मूल्यमान्यताका आधारमा पवित्र हिमाल र पहाडहरूको पूजा गर्ने, पवित्र पोखरी, पानीका मुहानहरूमा फोहोर नगर्ने, गुम्बा वरिपरिका रूखबिरुवाहरू नकाट्नेलगायत अन्य विभिन्न तरिकाबाट प्रकृति, प्राकृतिक स्रोत र जैविक विविधताको संरक्षणमा योगदान पुऱ्याउँदै आएका छन् । शेर्पा समुदायमा प्रचलित *नवा*ले वनजङ्गल, कृषि भूमि र चरन क्षेत्रको उचित संरक्षण र दिगो व्यवस्थापन कार्यबाहेक समुदायमा सामाजिक सद्भाव, सामाजिक एकता र सुशासन कायम गराउनमा समेत महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

प्राकृतिक स्रोत र जैविक विविधता संरक्षणमा शेर्पा जातिको महत्त्वपूर्ण भूमिका र योगदान रहेको कुरा विभिन्न अध्ययनबाट पुष्टि भएको छ, यद्यपि जैविक विविधता र प्राकृतिक स्रोतको विनाश सँगसँगै यिनीहरूमा प्रचलित परम्परागत ज्ञान, सिप र सांस्कृतिक मूल्यमान्यतासमेत ह्रास हुदै गएको देखिन्छ । यसै सन्दर्भमा शेर्पा समुदायमा *नवा*मार्फत प्राकृतिक स्रोत र जैविक विविधताको संरक्षणमा पुऱ्याएको योगदानका सम्बन्धमा अध्ययन अनुसन्धान र दस्तावेजीकरण गरी नीतिगत रूपमा कानुनी मान्यतामार्फत संरक्षण र संवर्धन गर्नु आजको आवश्यकता रहेको हुनाले शेर्पा जातिले *नवा*मार्फत आफ्नो क्षेत्रको वनजङ्गल, खेतीपाती र चरनक्षेत्र कसरी दिगो व्यवस्थापन गर्दै आएका छन् भन्ने सम्बन्धमा लेख तयार गरिएको छ ।

खुम्बु क्षेत्रमा अभ्यासमा रहेको नवा प्रथाले प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको भए तापनि सरकारले कानुनी मान्यता दिएको देखिँदैन । सगरमाथा राष्ट्रिय निकुञ्ज स्थापनापश्चात् पनि नवा प्रथा अभ्यासको निरन्तरतामा कानुनी अवरोध सृजना भएको छैन । बरु एक अर्काको परिपूरक र सहअस्तित्वको रूपमा अगाडि बढेको छ । नवा प्रथा खुम्बुक्षेत्रबाहेक अन्य जिल्लाहरूमा कमै अभ्यासमा रहेको छ । त्यसैले खुम्बु क्षेत्रमा केन्द्रित भएर यो अध्ययन गरिएको छ ।

## सैद्धान्तिक अवधारणा तथा अनुसन्धान विधि

यस अध्ययनमा अनुकूलता सुशासनको सिद्धान्तका आधारमा सामाजिक, आर्थिक र वातावरणीय परिवेशअनुसार निश्चित मूल्यमान्यता

र नियमको विकास भएर संस्थागत रूपमा समुदायका आवश्यकता र प्राथमिकतालाई कसरी पूरा गर्दै आएका छन् भनी हेर्ने प्रयास गरिएको छ (ह्याटफिल्ड-डोडस र अन्य, २००७, पृष्ठ ४)। त्यस्तै कानुनी बहुलवादको सिद्धान्तअनुसार एउटै राज्य वा समाजमा कसरी राज्यका कानुन र प्रथाजनित कानुनबिचको सहअस्तित्व र समन्वयमा समाजमा सामाजिक सुशासन कायम गराउन र प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापनमा सहयोग पुऱ्याएको छ भन्ने हेरिएको छ (बेकमान र टर्नर, २०१८, पृष्ठ, २६२-२६३)। यो अध्ययन सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका खुम्बु क्षेत्रमा गरिएको छ। खुम्बु क्षेत्रमा परापूर्वकालदेखि सामूहिक रूपमा वनजङ्गलको संरक्षण हुँदै आएको छ। त्यस्तै खेतीपातीलाई व्यवस्थापन गर्ने परम्परागत *नवा प्रथा* आज पनि विद्यमान छ। यस सन्दर्भमा वनजङ्गल, भूमि र प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा *नवा प्रथा*ले सदियौँदेखि पुऱ्याउँदै आएको योगदानको अध्ययन गर्न खुम्बु क्षेत्रलाई उद्देश्यमूलक नमूना छनोट विधिद्वारा अध्ययन क्षेत्र छनोट गरिएको छ।

प्रस्तुत अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक अनुसन्धान ढाँचामा आधारित छ। अध्ययनका क्रममा सङ्कलन गरिएका तथ्याङ्कहरूलाई वैज्ञानिक र व्यवस्थित ढङ्गले अध्ययनको उद्देश्यअनुरूप विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययन मुख्य रूपमा गुणात्मक सूचनामा आधारित भएको हुनाले शेर्पाहरूको पेसा, जीविकोपार्जनशैली, सामाजिक मूल्यमान्यता, वनजङ्गल, भूमिको संरक्षण र दिगो व्यवस्थापन, उनीहरूमा प्रचलित परम्परागत संस्थाहरू र उनीहरूको समुदायमा त्यसको भूमिका सम्बन्धमा सूचना सङ्कलन गरेर व्याख्या गरिएको छ। आवश्यक तथ्याङ्क र सूचना प्राथमिक र द्वितीय दुवै स्रोतबाट सङ्कलन गरिएको छ। प्राथमिक तथ्याङ्क अनुसन्धानकर्ता आफैँ अध्ययन क्षेत्रमा गएर सङ्कलन गरिएको छ भने द्वितीय तथ्याङ्क प्रकाशित पुस्तक, लेखरचना, अनुसन्धान प्रतिवेदनबाट सङ्कलन गरिएको छ। अनुसन्धानका क्रममा मुख्य सूचनादाता अन्तर्वार्ता, समूहगत छलफल विधि अपनाइएको छ।

## शेर्पा जातिको विश्वदृष्टिकोण

आफ्ना विशिष्ट जातीय, भाषिक, धार्मिक र सांस्कृतिक पहिचान भएका शेर्पाहरू बौद्ध धर्म र त्ससँग सम्बन्धित सांस्कृतिक परम्परामा आधारित जीवनशैली अपनाउँदै आएका छन्। शेर्पाहरूको बसोबासको थातथलो सोलुखुम्बु जिल्लाको उत्तरी क्षेत्र दूधकोशी तथा सुनकोशी नदीको उपत्यका र त्यस आसपासका भूभाग भए तापनि हाल आएर नेपालका विभिन्न हिमाली तथा पहाडी जिल्लासहित कतिपय तराईका जिल्लाहरूमा समेत छरिएर रहेका छन्।

शेर्पाहरूको परम्परागत पेसा कृषि, पशुपालन र व्यापार रहेको भए तापनि हाल आएर पर्यटन र पर्यटनसँग सम्बन्धित पेसाव्यवसायका साथै वैदेशिक रोजगारमा समेत संलग्न हुँदै आएका छन्। व्यापारका साथै पशुपालन उनीहरूको मुख्य पेसा भएकाले कारण चिसो र गर्मी मौसममा आफ्ना पशुहरू लिएर विभिन्न ठाउँहरूमा बसोबास गर्नुका साथै मौसमअनुसार आवधिक बसाँइसराई गर्ने संस्कृति प्रचलनमा रहेको छ।

शेर्पाहरूको जीवन र जगत्प्रति हेर्ने विश्व दृष्टिकोण र उनीहरूको अधिकांश संस्कार, संस्कृति, परम्परा, व्यवहार र अभ्यास बौद्धदर्शनमा आधारित रहेका छन्। बौद्ध धर्ममा आस्था राख्ने हुनाले यिनीहरूको दैनिक अन्तरक्रिया, क्रियाकलाप र उनीहरूले सोच्ने, गर्ने, भन्ने तरिका तथा समग्र जीवनपद्धति बुद्धदर्शनद्धारा निर्देशित भएको देखिन्छ। शेर्पाहरूले दैनिक रूपमा आफ्नो धार्मिक विश्वास, मूल्यमान्यताअनुसार नै मानव मानवबिच, मानव र प्रकृतिबिच अन्तरक्रिया र व्यवहार गर्ने गर्दछन् (शेर्पा, २०७९, पृ.६)। शेर्पाहरूले संसारका सबै वस्तुहरू एक आपसमा अन्तरसम्बन्धित हुने कुरामा विश्वास राख्ने हुनाले कुनै पनि कुरालाई अलगअलग रूपमाभन्दा समग्रतामा बुझ्ने गर्दछन्। भूमि, भूक्षेत्र र अन्य प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन र प्रयोगका सम्बन्धमा यिनीहरूको आफ्नै अवधारणा, मूल्य, अर्थ, परम्परागत ज्ञान र अभ्यास रहेका छन्। शेर्पाहरू समुदायमा सामूहिकता, पारस्परिकता, समन्वय र एक्यवद्धताको सिद्धान्तका आधारमा प्राकृतिक

स्रोतसाधन र जीविकोपार्जनको दिगो व्यवस्थापन गर्ने गर्दछन् (शेर्पा, २००८) । सामाजिक, सांस्कृतिक, धार्मिक तथा आध्यात्मिक रूपमा शेर्पाहरूको प्राकृतिक स्रोतसाधन, जैविक विविधता र प्रकृतिसँग अन्योन्याश्रित सम्बन्ध रहेको हुनाले प्राकृतिक स्रोतसाधन र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् ।

## प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापन

शेर्पाहरूले आफ्नो गाउँ र भूक्षेत्रमा रहेका प्राकृतिक स्रोतहरूको संरक्षण र व्यवस्थापनमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएका छन् । शेर्पाहरूले कुनै पनि जीवजन्तु र प्राणीहरूको हिंसा र जथाभावी जङ्गल फडानी गर्दैनन् । धार्मिक विश्वास र मूल्यमान्यताका आधारमा पवित्र हिमाल र पहाडहरूको पूजा गर्ने, पोखरी, पानीका मुहानहरूमा फोहोर नगर्ने, गुम्बा वरिपरिका रूखबिरुवाहरू नकाट्नेलगायतका अन्य विभिन्न तरिकाबाट प्राकृतिक स्रोत र जैविक विविधताको संरक्षणमा योगदान पुऱ्याउँदै आएका छन् ।

पवित्र हिमाल र पहाडहरूमा विभिन्न देवहरू केल्ह (जन्मदेव), यूल्ह (भूमि संरक्षक देव), फोल्ह (संरक्षक देव), मोल्ह (मातृदेव), खल्ह (थरदेव) र डल्ह (रक्षक) महत्त्वपूर्ण प्राकृतिक शक्तिका रूपमा बास बसेका हुन्छन् । ती देवहरूको सम्मानपूर्वक पूजा गर्ने र अशुद्ध हुनबाट जोगाउने गरिन्छ । यदि अन्जानमा कुनै गल्ती भइहालेछ भने साङ् सेर्कीम (धुपबत्ती) गरेर देवतासँग माफी माग्ने पनि चलन छ ।

पवित्र पोखरी, खोला, सिम र वरिपरिका रूखबिरुवा तथा कुवाहरूमा लुमु छुवा लु (नागनागिनको बास) हुने विश्वास गरिन्छ । धार्मिक महत्त्वका ठाउँहरूमा फोहोर पार्न, खनजोत गर्न, रूख काट्न तथा वातावरण बिगार्न नदिएर संरक्षण गरिएको पाइन्छ । देउराली वरिपरि रहेका वनजङ्गलबाट काँचो दाउरा टिप्न र रूख काट्न निषेध गरिएको हुन्छ । शेर्पा भाषामा जङ्गललाई नाटी भनिन्छ । गुम्बा वरिपरि रहेका पवित्र जङ्गललाई गुम्बाको लामामार्फत संरक्षण गरिन्छ । गुम्बाद्वारा संरक्षित वनलाई *गुम्बा नाटी* भनिन्छ । सामुदायिक पहलबाट गाउँ वरिपरि रहेका वनजङ्गललाई धार्मिक परम्पराअनुसार संरक्षण गरिएको छ । संरक्षण गर्न छुटेकोलाई गाउँलेहरूको *यूल्ठीम* (गाउँसभा) ले निर्णय गरी *क्याक्सीङ* (निषेधितक्षेत्र) भनी संरक्षण गरिएको पाइन्छ (शेर्पा टासी, मिति उल्लेख नभएको) ।

## नवा प्रथा

शेर्पा समुदायमा महत्त्वपूर्ण प्रथाजनित संस्थाको रूपमा *नवा* प्रथा रहेको छ । *नवा* प्रथा सोलुखुम्बु जिल्लाको खुम्बु क्षेत्रमा परापूर्वकालदेखि प्रचलनमा रहेको छ । यो प्रथाले सामुदायिक कानुनको प्रतिनिधित्व गर्दछ । यो प्रथा गाउँको खेतीयोग्य जमिन, वनजङ्गल र चरनक्षेत्र (खर्क) को दिगो व्यवस्थापन र संरक्षण गर्ने उद्देश्यले विकास भएको पाइन्छ ।

शेर्पाहरूको परम्परागत पेसा पशुपालन र कृषि रहेको हुनाले आफ्नो पेसाव्यवसाय व्यवस्थित गर्न *नवा* प्रथालाई प्रचलनमा ल्याएको पाइन्छ । उनीहरूको साझा पशुचरनक्षेत्र र पशुपालनलाई व्यवस्थित र दिगो व्यवस्थापनका लागि नियमहरू बनाइएको पाइन्छ ।

*नवा* दुई थरीका हुन्छन् । *सिङगी नवा* र *लोथोक नवा* । *लोथोक नवा*को काम बालीनालीको रेखदेख गर्नु र *सिङ्गी नवाको* काम वन जङ्गलको रेखदेख गरेर शेर्पा अर्थतन्त्रलाई सन्तुलनमा राख्नु हुन्थ्यो (हाईमनडोर्फ, १९६४,पृष्ठ, १११) । खुम्बु क्षेत्रमा सन् १९६५ भन्दा अगाडिदेखि नै विभिन्न तरिकाले वनजङ्गलको संरक्षण गरेको देखिन्छ । लामाको वन, मानेको वन, निजी वन, रानीवन, पुलको वन आदि विभिन्न प्रकारका वनहरू रहेको र ती वनहरूमध्ये कुनै लामाद्वारा, कुनै *सिङगी नवा*द्वारा, कुनै पेम्बु र कुनै सामूहिक रूपमा व्यवस्थापन गर्ने गरेका छन् (स्टेभेन्स,१९९३, पृष्ठ,२०८–२१०) ।

## नवाको छनौट र कार्यकाल

*नवा*को छनौट गर्ने कुनै ठोस नियम नभए पनि सामूहिक रूपमा छान्ने चलन छ । नवाको सङ्ख्या मुख्यतया गाउँको आकार र घरधुरीको आधारमा

निर्धारण हुने गर्छ । तर पनि थोरैमा एउटा गाउँमा दुई जनालाई नवाका रूपमा छनौट गर्ने चलन छ । नवाहरूको कार्यकाल एक वर्षको हुन्छ र नवाको जिम्मेवारी वर्षेनी परिवर्तन हुन्छ । नवाहरूको छनौट *युल-ठीम* (गाउँसभा) बाट गर्ने गरिन्छ र यस प्रक्रियालाई *लावा लिने* भनिन्छ । नवाहरूको छनौट *युल-ठीम छोक्पा* वा *यारच्याङ*को समयमा सबै गाउँलेहरू एक निश्चित स्थानमा भेला भएर सबैको सहमतिका आधारमा चयन गर्ने गरिन्छ ।

नवाको छनौट गर्ने दिन गाउँमा ठुलो कार्यक्रम र सभा राख्ने चलन छ । त्यस कार्यक्रमलाई *वोर्स्यु* भनिन्छ । यस गाउँसभाको निर्णयले गाउँको आवश्यकता अनुसार नवाको सङ्ख्या तोकिन्छ । पहिलेपहिले यूलठिमका दिन धेरै कुराहरूको निर्णय हुने गर्थ्यो । जस्तै : चोरी मुद्दा, अंशबण्डा, लेनदेन, लोग्नेस्वास्नीको झगडासम्बन्धीको मुद्दा पनि छिनोफानो हुने गर्थ्यो । यसका साथै दण्डजरिवाना गर्ने अधिकारसमेत नवालाई थियो ।

*लोथोक नवा*ले आफू छनौट भइसकेपछि सबै गाउँलेहरूलाई बोलाएर *युल-ठीम* गरेर गाईवस्तुहरूलाई खेतीपातीको समयमा कति अवधि गाउँमा नराख्ने, नियम पालना नगरेमा कति जरिवाना गर्ने भन्ने सम्बन्धमा नियम बनाउने गर्दछन् । गाउँसभाबाट पारित नियम लिखित रूपमा *नवा*लाई हस्तान्तरण गरेपछि ती नियम लागु गर्ने जिम्मेवारी *नवा*को हुन्छ । कसैले नियमको पालना नगरेको खण्डमा *नवा*ले जरिवाना तिराउने चलन छ ।

आफ्नो कार्यकाल सकिन लाग्दा *नवाह*रूले प्रत्येक घरबाट दुई माना अन्न उठाएर अन्नको केही भागको जाँड पकाउँछन् । केही भाग अक्षता र बाँकी खानका लागि छुट्याइन्छ । *छ्याङ* (जाँड) तयार भएपछि साइत जुरेका दिन *वोर्स्यु* पूजा गरिन्छ । गाउँका ठुलाबडा, लामाहरू, पञ्चकन्याहरूलाई गाउँ परिक्रमाका लागि निम्तो गरिन्छ । वोर्स्युमा सहभागी हुने सबै जना सांस्कृतिक भेषभूषामा सिँगारिने चलन छ ।

कार्यक्रमका सहभागीहरूले धार्मिक पुस्तक, बुद्धको मूर्ति, विशेष पूजाको झण्डा, झ्याम्टा, ढ्याङ्ग्रो, डमरु र ठिलु (घण्टी) बोकेका हुन्छन् । कम्तिमा पाँच जना लामा, पञ्चकन्याहरूले हातमा धूप, ठु (जल) बोकेका हुन्छन् । कसैले शङ्ख फुक्ने, कसैले चार इलाका बाँध्ने, कसैले थरसिङ (झन्डा) र पुस्तक बोक्छन् । एकजनाले गाउँलेहरूबाट जम्मा गरेको अछेता बोक्छन् र परिक्रमाको क्रममा छर्किंदै हिँड्छन् ।

पुरानो *नवा*ले पूजा आयोजना गरेको घर आँगनमा धुप बाल्छन् । घरकी महिलाले *सुछ्याङ* ( साइतको जाँड) साइत गरेपछि शङ्ख र पूजाको बाजागाजाहरू बजाउने र झण्डा बोक्ने व्यक्ति सबैभन्दा अगाडि लागेर यात्रा सुरु गरिन्छ । बाजाको ध्वनि सुन्नासाथ गाउँका प्रत्येक घरघरले धुप बाल्न थाल्दछन् । *वोर्स्यु* गर्नेहरूको ताँती, बाजागाजाको ध्वनि, मानिसहरूको भीड, विभिन्न थरसिङ (धजा) हरू साथमा रमाइलो देखिन्छ । जुलुसभित्रबाट कसैले वोर्स्यु खान पाल्नुस् है भनेर सूचना दिने गरिन्छ । कसैलाई नावा हुने इच्छा छ भने फलानोको घरमा आउँनुस् है भनी ठुलो आवाजमा मौखिक सूचना दिने गरिन्छ ।

चारै दिशाको इलाका बाँध्ने, झण्डा गाड्ने ठाउँमा चिया, छ्याङ र अन्य प्रसाद ख्वाइन्छ । धूप बालेर स्वागत गरिन्छ । पूजा गरेर झण्डा गाड्ने कार्यक्रम सकेपछि *नवा* छनौट गरिन्छ । नयाँ *नवाह*रूलाई एक सालको सफल कार्यको शुभकामनासहित जिम्मेवारी सुम्पिने गरिन्छ । *वोर्स्यु* गर्नाले खेतीबाली सप्रिने, गाउँमा ग्रहदशा नलाग्ने र बाढीपहिरोजस्ता प्राकृतिक प्रकोपहरू नहुने विश्वास छ ।

## सिङगी नवाको जिम्मेवारी र अधिकार क्षेत्र

*सिङगी नवा*को जिम्मेवारी वनजङ्गल संरक्षणमा मात्र केन्द्रित रहेको हुन्छ । वनजङ्गल संरक्षणका लागि नियम बनाइएको हुन्छ । *सिङगी नवा*लाई तोकिएको समय अवधिका लागि समुदायको खेतीपाती र खर्कहरू व्यवस्थापन गराउने जिम्मेवारी र अधिकार दिइएको हुन्छ । नियम कार्यान्वयन गराउने जिम्मेवारी तोकिएको हुन्छ र कसैले नियम पालना नगरेमा उचित दण्ड जरिवाना लिन सक्ने अधिकार पनि उनीहरूलाई दिइएको हुन्छ ।

## सिङगी नवा अन्तर्गतका नियमहरू

काँचो रूख काट्न नपाउने, सुकेको दाउरा सङ्कलन गर्न तोकिएको समय अवधिभित्र गर्ने, ठुलो रूखको आवश्यक परेमा *नवा*सँग माग्ने, वनजङ्गलको पत्कर सङ्कलन गर्नका लागि अथवा पत्कर सङ्कलनको आवधिक नियम राख्ने, कसैले सिङगी *नवा*को नियम उल्लङ्घन गरेमा *नछ्याङ* (जाँड, चिया) खुवाएर माफी मागेर थोरै जरिवाना तिर्न लगाउने, वनजङ्गललाई ठुलै नोक्सानी पुऱ्याएको खण्डमा *छेर्पा* (जरिवाना) गर्ने गर्छन् ।

*सिङगी नवा*ले गाउँको नजिकमा रहेको वनजङ्गलको संरक्षण तथा रेखदेख गर्छन् । जसको मुख्य जिम्मेवारी वनजङ्गलको संरक्षण गर्नु, *युल-ठीम*बाट पारित नियमहरू कार्यान्वयन गराउनु र नियमानुसार तोकिएको समयमा वनपैदावर सङ्कलन गराउनु रहेको हुन्छ । गाउँलेहरूले *सिङगी नवा*को अनुमति लिएर मात्र काठ, दाउरा तथा अन्य वनपैदावर सङ्कलन गर्न पाउँछन् । उनीहरूले वनको चोरी फँडानी रोक्नुको साथै केही निश्चित कार्यका लागि वनबाट दाउरा र काठ सङ्कलन गर्न पाउने व्यवस्था गर्छन् ।

गाउँमा कसैको मृत्यु भएमा जलाउनका लागि आवश्यक दाउरा, कसैको घर निर्माण गर्नु परेमा, सामुदायिक भवनहरू निर्माणका लागि आवश्यक काठ काट्न लगाउने अधिकार *सिङगी नवा*लाई दिइएको हुन्छ । *नवा*हरूले गाउँका कसैले गल्ती गरेको खण्डमा बैठकमा बोलाउने र गल्ती गर्नाका कारणसहित स्पष्टिकरण दिन लगाउँछन् । उनीहरूले दिएको स्पष्टिकरण र गल्तीको प्रकृति हेरेर माफी दिने वा जरिवाना तिराउने अधिकार नवाहरूले पाएको हुन्छ । यदि कसैले नियम मिचेमा *नवा*ले जरिवाना तिराउने गर्दछन । उनीहरूले आफ्नो जिम्मेवारी निर्वाह गरेबापत गाउँलेहरूबाट जरिवानास्वरूप उठाइएका रकमको केही अंश लिन पाउने व्यवस्था छ भने बाँकी रकम गाउँको गुम्बाको कोषमा जम्मा गर्ने गर्छन् । यसरी गुम्बामा जम्मा भएको रकम गाउँको बाटोघाटो, पुल निर्माण र अन्य सामाजिक कार्यहरूमा खर्च गर्ने गर्छन् ।

## लोथोक नवाको जिम्मेवारी र अधिकार क्षेत्र

*सिङगी नवा*को तुलनामा *लोथोक नवा*को अलि धेरै जिम्मेवारी हुन्छ । *लोथोक नवा*ले गाउँलेको खेतीबालीमा पशुहरू पसेर हानीनोक्सानी हुन दिँदैनन् । *नवा*को जिम्मेवारी पाइसकेपछि उनीहरूले गाउँको बैठक बोलाएर सबै गाउँलेहरूलाई खेतीपाती लगाएको ठाउँमा आफ्ना गाईवस्तुहरू नछाड्न र रोक्नको लागि पर्खाल लगाउन जानकारी गराउँछन् । त्यसैगरी गाईवस्तुहरूलाई चरनक्षेत्रमा कुन समय लाने, चरनक्षेत्रबाट गाउँमा कहिले ल्याउने भन्ने सम्बन्धमा जानकारी गराउने र तदनुरूप गाउँवासी सबैलाई नियम पालन गर्न लगाउँछन् । सोही बैठकमा कसैले नियम उलङ्घन गरेको पाइएमा र कसैको पशुहरूले कसैको खेतीपातीमा नोक्सानी पुऱ्याएको खण्डमा तिर्नुपर्ने जरिवानाको बारेमा पनि जानकारी गराउने गर्छन् । समुदायमा सामाजिक एकता कायम होस्, कसैले कोहीमाथि अन्याय र अत्याचार नगरोस्, स्रोतसाधनमा सबैको समान पहुँच पुगोस् र प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन होस् भन्ने हेतुले *नवा*हरूले आफ्नो जिम्मेवारी पूरा गर्छन् । समयमै सबैका वस्तुहरूलाई गोठ खर्कमा सारेर लैजाने सूचना दिन्छन् ।

यसै क्रममा कसैको गाईवस्तुले अरू कसैको खेतीपाती नोक्सान गरेमा *नवा*ले दुवै परिवारका सदस्यलाई बोलाएर नोक्सान भएअनुरूपको क्षतिपूर्ति तिर्न लगाएर एकआपसमा वैमनष्यता नरहने गरी सगुन खुवाएर मेलमिलाप गराउँछन् । त्यसैगरी कसैले समुदायको नियम उल्लङ्घन गरेमा अवस्था हेरेर उसलाई सगुनसहित माफी माग्न लगाउने वा नगद जरिवाना गर्ने गरिन्छ ।

यसरी मेलमिलाप गर्ने क्रममा नियम उल्लङ्घन गर्ने पक्षले खुवाउने सगुनलाई शेर्पा भाषामा *नाछ्याङ* भनिन्छ । *नवा*को नियमअनुसार ज्येष्ठ महिनामा पर्ने *डुम्जी* पर्वलगत्तै गाईवस्तुहरू लेकको खर्कतिर लैजानुपर्छ भने भदौ महिनामा तलतिर झार्ने गर्छन् । त्यसैगरी असोज महिनामा खेतीपाती उठाइसकेपछि गाउँमै ल्याउने गर्छन् । उक्त नियमबाहेक खासखास समयमा कोही पनि खेती

गरिएको बारीमा प्रवेश गर्न नहुने, बारीको नजिकमा दुध, दही ल्याउन नहुने, गाईवस्तुको दुध दुहुने र मही पार्ने व्यक्तिसमेत बारीको नजिक आउन नहुने, बारीको नजिकमा आगो बाल्न नहुने र हरियो रूखपात सुकाउन नहुनेजस्ता नियमहरू बनाइएका हुन्छन ।

कृषकहरू गाउँघरको खेती नभित्र्याएसम्म गोठखर्क एक ठाउँदेखि अर्को गर्दै घुम्ती चरन क्षेत्रको प्रयोग गर्दछन् । खेती हुर्किरहेका बेला, कसैले खेतीबालीमा दुर्गन्ध पर्ने गरेर गाउँभित्र काँचो काठ, पत्कर, मालिङ्गो ल्याउन पाइँदैन । खनजोत गर्न मिल्दैन । यी बिगार तथा झैझगडा गरेमा बाली दुर्गन्धित भएर रोग लाग्ने डर हुन्छ । कसैले गर्न नहुने क्रियाकलाप गरेमा जरिवाना लिइन्छ । खेतीबालीबाहेक उपयुक्त समयमा घाँस काट्ने समय निर्धारण गरिन्छ । नावाले घाँस काट्ने समय निर्धारण गर्नुभन्दा अगाडि काटेमा जरिवाना दिनुपर्दछ । खेतीबाली भित्र्याइसक्न लाग्दा *नावा*ले गोठबाट गाईवस्तु गाउँमा झार्दा हुन्छ भनी सूचना दिन्छन् ।

घुम्ती चरनको प्रचलन परम्परागत व्यवस्था भएको हुनाले पशुपालकहरूले आआफ्नै पुर्ख्यौली खर्कको व्यवस्था समयअनुसार गरेका हुन्छन् । जस्तैः *यर्सा*- बर्सात महिनामा सरेर जाने खर्क (बर्खे खर्क) *त्योनसा*- शरद ऋतुमा सरेर जाने खर्क र *गुनसा*- हिउँदमा सरेर जाने खर्क । यी खर्कहरूमा निजी घर तथा गोठ बनाएका हुन्छन् । *नवा*ले गाईवस्तु खर्कतिर सार्ने मिति तय गर्छन् । सबैले आवश्यक सामग्री र खाद्यान्न तयार गर्छन् । राम्रो साइतमा गाईवस्तु सारेर लानेहरूको भिड हुन्छ । *नवा*को नियमअनुसार गाउँबाट खर्कतिर पशुहरू पठाएपछि गाउँको बाहिर एउटा सिमाना तोकिन्छ । त्यसलाई *गर्चा* भनिन्छ । त्यस *गर्चा*भन्दा भित्र अनुमति विना गाईवस्तु पसेर गाउँमा आएमा जरिवाना तिर्नुपर्दछ ।

## युलठिम (गाउँ सभा)

नयाँ *नवा*ले जिम्मेवारी लिएपछि सबै गाउँलेहरूलाई बोलाएर गाउँसभा गर्ने दिन तोक्न साइत हेर्ने गर्दछन् । राम्रो साइत जुरेको दिन सार्वजनिक सभास्थलमा नयाँ *नवा*ले गाउँसभा आयोजना गर्दछन् । जस्तै- खुम्जुङमा भए *छयोखाङ गाङ्दोकमा*, खुन्देमा *पाङगी ज्युङ*जस्ता पुरानो ऐतिहासिक ठाउँमा गाउँसभा हुन्छ । *यूलठिम*को दिन *नवा*ले चिया, छ्याङ र अन्य प्रसाद खप्शे तयार गर्दछन् । भगवान्लाई जल अर्पण गरेर पूजा (सेर्कीम) गरेपछि गाउँसभामा गाउँलेहरूलाई निमन्त्रणा गर्छन् । यस सभामा भाग लिन आउने प्रत्येकले चिया, छ्याङ एक *ठेकी* नभए एक जग छ्याङको मूल्यबराबरको पैसा *नवा*लाई बुझाउनु पर्दछ । दिनभरि बैठक बसुञ्जेल आफूले पिउनका लागि प्रयोग गर्ने हुनाले ल्याउन अनिवार्य छैन ।

पुरानो परम्पराअनुसार युलठिमका दिन गाउँका ठुलाबडा, धनीगरिब सबै भेला हुनुपर्दछ । यो दिन विगतका गल्ती कमीकमजोरीहरूलाई सुधार, कार्य अवधिको हेरफेर, नछ्याङ, छेर्पाजस्ता जरिवानालाई अध्ययन गरेर संशोधन र सुधार गरिन्छ । गाउँसभा गरेर गाईवस्तुहरूलाई खेतीपातीको समयमा कति अवधि गाउँमा नराख्ने, नियम पालना नगरेमा कति जरिवाना गर्ने भन्ने सम्बन्धमा नियम बनाउने गर्दछन् । सबै गाउँलेहरूको गाउँसभाबाट पारित नियम लिखित रूपमा *नवा*लाई हस्तान्तरण गरेपछि ती नियम लागु गर्ने जिम्मेवारी *नवा*को हुन्छ । आवश्यक परे सभाले थप नियमहरू पनि बनाउन सक्दछ । पहिलापहिला *यूलठिम*का दिन धेरै कुराहरूको छिनोफानो र निर्णय हुने गर्थ्यो । जस्तै- चोरी मुद्दा, अंशबण्डा, लेनदेन, लोग्नेस्वास्नीको झगडा र जारीसम्बन्धी मुद्दा, सार्वजनिक दण्डजरिवानासमेतको छलफल र फैसला हुने गर्दथ्यो । त्यस दिन सार्वजनिक उजुरी, सार्वजनिक माफीजस्ताको फैसला हुने गर्दथ्यो ।

## छलफल र विश्लेषण

भौगोलिक रूपमा विकट हिमाली जिल्लाहरूमा बसोबास गर्ने शेर्पाहरू विगतको एकात्मक राज्य र केन्द्रीकृत शासन व्यवस्थाका कारण सामाजिक, सांस्कृतिक र आर्थिक रूपमा वहिष्करण र सीमान्तीकरणमा परेका थिए । त्यस्तै भौगोलिक विकटताका कारण विगतमा उनीहरू राज्यको विकासको मूल प्रवाहबाट वञ्चितिकरणमा पर्नुका

साथै उनीहरूको क्षेत्रमा राज्यको उपस्थिति नै थिएन । यसरी राज्यको उपस्थिति नभए तापनि उनीहरूले आफ्नो भूमि र भूक्षेत्रमा रहेका प्राकृतिक स्रोतहरूको दिगो रूपमा संरक्षण, उपभोग र व्यवस्थापन प्रथाजनित कानुनमार्फत गर्दै आएका छन् । उनीहरूको परम्परागत पेसा पशुपालन र कृषि भएकाले त्यसको व्यवस्थापन गर्न *लोथोक नवा* प्रथाको अभ्यास सुरु गरेको देखिन्छ ।

शेर्पाहरूले चरनक्षेत्र सामूहिक रूपमा उपभोग र व्यवस्थापन गर्दै आएका छन् । जाडो र गर्मीको मौसममा अलगअलग ठाउँमा पशुहरू लाने गर्दछन् । जाडोको समयमा बस्ने ठाउँलाई *गुन्सा* र गर्मीको समयमा बस्ने ठाउँलाई *यार्सा* भनिन्छ । खुम्बुक्षेत्रका अधिकांश शेर्पाहरू गर्मी सुरु भएपछि आफ्ना पशुहरू लिएर मुख्य गाउँभन्दा माथिल्लो भाग *यार्सामा* जाने गर्दछन् । जाडोको समयमा मुख्य बस्तीभन्दा तल्लो भाग *गुन्सामा* लाने गर्दछन् । त्यस्तै मुख्य बस्ती रहेको ठाउँमा खेतीबाली लगाइसकेपछि पशुहरू गाउँमा राखेमा खेतीबाली नष्ट गरिदिने हुनाले बाहिर लाने चलन छ । शेर्पाहरूले सामूहिक रूपमा भोगचलन गर्दै आएका चरनक्षेत्रको व्यवस्थापन गर्न र पशुहरूबाट अन्नबाली नष्ट हुनबाट जोगाउन प्रथाजनित कानुन बनाएर परम्परागत संस्था *नवा*मार्फत कार्यान्वयन गर्दै आएका छन् । यस प्रथाले समुदायमा सुशासन कायम गरी सामाजिक प्रणाली र मूल्यमान्यतालाई निरन्तरता दिनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ ।

शेर्पाहरूको कतिपय बस्ती भिरालो ठाउँमा भएका कारण भूक्षय, बाढी, पहिरो जान सक्ने सम्भावना रोक्नका लागि आफ्नो गाउँ वरिपरिका रूखहरू काट्नमा प्रतिबन्ध लगाएर *सिङ्गी नवा*मार्फत गाउँबस्ती वरिपरि रहेका वनजङ्गलको संरक्षण र दिगो व्यवस्थापन गर्दै आएका छन् । त्यस्तै धार्मिक विश्वास र सामाजिक मूल्यको पनि वनजङ्गल संरक्षणमा भूमिका रहेको पाईन्छ । त्यसबाहेक पशुपालनका लागि घाँस, स्याउला, दाउराका लागि पनि वनजङ्गल आवश्यक पर्ने हुनाले यसको संरक्षणमा विशेष जोड दिएको पाइन्छ । यसरी वनजङ्गलको संरक्षणबाट बाढीपहिरोको जोखिमबाट जोगिनुका साथै यसले वातावरण स्वच्छ राख्न, पर्यावरणीय सन्तुलन कायम राख्न र पानीका मुहानहरू संरक्षण गर्नमा उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ ।

शेर्पाहरूले आवश्यकताअनुसार प्रथाजनित कानुनमा परिमार्जन वा संशोधन पनि गर्ने गर्दछन् । यदि परिमार्जन वा संशोधन गर्नुपरेको खण्डमा सबै गाउँलेहरूको सामूहिक भेलामार्फत लोकतान्त्रिक पद्धति अपनाएर गर्ने गर्दछन् । पछिल्लो समयमा आएर सगरमाथा राष्ट्रिय निकुञ्जको स्थापना, पर्यटनको विकास, आधुनिक शिक्षाको विकासका साथै परिवर्तित सामाजिक र राजनैतिक परिवेशमा पनि राज्यका कानुन र प्रथाजनित कानुनबिचको समन्वय र सहअस्तित्वमा वनजङ्गल र कृषिभूमिको व्यवस्थापनका साथै समुदायमा सामाजिक एकता, शान्ति र सुशासन कायम गराउन, जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलनमा समेत उल्लेखनीय भूमिका खेलेका छन् ।

परापूर्वकालदेखि प्रचलनमा रहेको प्रथाजनित अभ्यासलाइ नेपालको संविधानले कानुनी मान्यता दिएको देखिँदैन । हालसालै कतिपय स्थानीय सरकारले वन ऐनमार्फत प्रथाजनित रूपमा संरक्षित वनलाई कानुनी मान्यता दिएको छ । उदाहरणका लागि थारु जातिको *बडगर* नुब्री जातिको *श्याग्या* परम्परालाई स्थानीय सरकारले कानुनी मान्यता दिएको पाइन्छ ( मधुवन नगरपालिकामा रहेका *बडगर* प्रणाली संरक्षण, प्रवर्धन र विकास गर्न बनेको ऐन, २०७७, श्याग्या परम्परा संरक्षण सम्बन्धमा बनेको ऐन, २०७९) ।

आजको परिवर्तित सन्दर्भमा, विशेषगरेर विश्वव्यापीकरण, आधुनिकीकरण र आधुनिक शिक्षाको प्रभाव र राज्यका कानुनका कारण प्रथाजनित संस्था र अभ्यासको निरन्तरतामा चुनौती थपिएको छ । त्यस्तै खुम्बुक्षेत्रमा पर्यटनको विकाससँगसँगै परम्परागत पेसा र जीविकोपार्जन गर्ने शैलीमा परिवर्तन, युवाहरूको बसाइँसराइका कारण थप चुनौतीहरू थपिएका छन् । तथापि हालसम्म शेर्पा समुदायले *नवा* प्रथा अभ्यासलाई निरन्तरता दिँदै आएका छन् ।

## निष्कर्ष

शेर्पा जातिको सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक र आध्यात्मिक रूपमा वनजङ्गल, भूमि र अन्य प्राकृतिक स्रोतहरूसँग अन्योन्याश्रित सम्बन्ध रहेको हुनाले आफ्नो क्षेत्रका वनजङ्गल, खेतीपाती र चरनक्षेत्रको दिगो व्यवस्थापन *नवा प्रथा*मार्फत गर्दै आएका छन् । शेर्पाहरूको परम्परागत जीविकोपार्जन र पहिचानसँग गाँसिएको *नवा* प्रथा खुम्बुक्षेत्रका शेर्पा समुदायमा अभ्यासमा रहेका छन् । नवा प्रथाले वनजङ्गल र कृषीभूमिको व्यवस्थापनका साथै समुदायमा एकता, शान्ति र सुशासन कायम गराउन, जैविक विविधताको संरक्षण, पर्यावरणीय सन्तुलनमा मद्धत पुऱ्याउनुका साथै समुदायमा बस्ने सबै सदस्यहरूलाई आफैँले बनाएको नियमभित्र रहेर सिङ्गो समुदायको भलाइका लागि एकत्ताबद्ध भएर अगाडि बढ्नमा समेत मद्दत पुऱ्याएको देखिन्छ । *नवा* प्रथा परापूर्वकालदेखि चल्दै आएकाले सामुदायिक नियम मान्ने, जीविकोपार्जनका लागि प्राकृतिक स्रोतहरूको प्रयोग र संरक्षण गर्नेजस्ता महत्त्वका कुराहरू राज्यसत्ताको कानुनभन्दा जेठो देखिन्छ । परापूर्वकालदेखि सामाजिक संस्थाको रूपमा अभ्यासमा रहेका *नवा* प्रथाको शेर्पाहरूको सामाजिक संरचना र सामाजिक प्रथाको निरन्तरतामा महत्त्वपूर्ण भूमिका रहेको छ ।

शेर्पा समुदायमा राज्यका कानुन र प्रथाजनित कानुन दुवै अभ्यासमा छन् । *नवा* प्रथाको शेर्पाहरू बिचको नातासम्बन्धको निरन्तरताका अतिरिक्त उनीहरूमा रहेको परम्परागत ज्ञान, सांस्कृतिक परम्परा र सम्पदाको संरक्षणमा समेत उल्लेखनीय भूमिका रहेको छ । तर पछिल्लो समयमा यिनीहरूको समुदायमा पनि नेपालमा आएको राजनैतिक र सामाजिक परिवर्तन, जलवायु परिवर्तन, पर्यटनको विकास, आधुनिक शिक्षा, सहरीकरण र आधुनिकीकरणको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । अधिकांश शेर्पाहरू पर्यटन र पर्यटनसँग सम्बन्धित पेसामा लागेका कारण परम्परागत पेसाका रूपमा रहेको पशुपालन र खेतीपातीमा क्रमिक रूपमा कमी आएको पाइन्छ । आधुनिक शिक्षा र रोजगारीको नाममा युवाहरूको बसाइँसराइ ठुलो चुनौतीको रूपमा रहेको छ । त्यस्तै खुम्बुक्षेत्रका धेरैजसो शेर्पाहरू पर्यटक आउने समयबाहेक बाँकी समय काठमाडौँ र विदेशतिर जाने क्रम बढेकाले प्रथाजनित संस्थाको रूपमा रहेको *नवा* प्रथाको भूमिका र यसको निरन्तरतामा पनि चुनौती थपिएको देखिन्छ । शेर्पा समुदायमा प्रचलित *नवा* प्रथाको निरन्तरताका लागि राज्यको तर्फबाट ठोस नीति निर्माण गरेर कार्यान्वयन गर्न सकेको खण्डमा प्राकृतिक स्रोतको दिगो संरक्षणमा थप टेवा पुग्न सक्दछ । त्यस्तै यससम्बन्धी अध्ययनअनुसन्धान र दस्तावेजीकरण गरेर शेर्पाहरूको परापूर्वकालदेखि नवामार्फत प्रथाजनित कानुनको कार्यान्वयन गरी प्राकृतिक स्रोतको संरक्षण, दिगो व्यवस्थापन, लाभको बाँडफाँड, सुशासन र स्वनिर्धारित दिगो विकासको अभ्याससँग सम्बन्धित परम्परागत ज्ञान, सिप र अभ्यासको संरक्षण, संवर्धन र प्रवर्धन गर्न सकेको खण्डमा शेर्पाहरूको संस्कृति, सामाजिक मूल्य र पहिचानको सम्बोधन हुनाका साथै समृद्ध समाज निर्माण र सामाजिक रूपान्तरणमा सहयोग पुग्दछ ।

## सन्दर्भ सामग्रीसूची


आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र (२०७९). *प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा आदिवासी जनजातिको प्रथाजनित अभ्यास.* काठमाडौँ : आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र

नेपाल कानुन किताब व्यवस्था समिति (२०१९). *नेपालको संविधान.* काठमाडौँ : नेपाल कानुन किताब व्यवस्था समिति ।

नेपाल कानुन किताब व्यवस्था समिति (२०३१). *खर्क जग्गा राष्ट्रियकरण ऐन.* काठमाडौँ : नेपाल कानुन किताब व्यवस्था समिति ।

मधुवन नगरपालिकामा रहेका बडगर प्रणाली संरक्षण, प्रवर्धन र विकास गर्न बनेको ऐन *(*२०७७). *स्थानीय राजपत्र. खण्ड: ४. सङ्ख्या:* ६. मधुवन नगरपालिका

शेर्पा, तेन्जिङ टासी (ल.म). *शेर्पा सांस्कृतिक तथा पर्यावरणीय प्रतिविम्ब.* काठमाडौँ : UNDP, GEF-SGP Nepal ।

शेर्पा, पासाङ (२०६७). *शेर्पा जातिको चिनारी.* काठमाडौँ : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल शेर्पा सङ्घ

शेर्पा, पासाङ (२०७९). *नेपालमा शेर्पा जातिको जीवन दर्शन.* (सं. प्रा.जगत व्यास). *नेपाली दर्शन.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

श्यारया परम्परा संरक्षण सम्बन्धमा बनेको ऐन (२०७९). *स्थानीय राजपत्र. खण्डः ५. सङ्ख्याः १.* २०७९ माघ २, चुमनुब्री गाउँपालिका, गोरखा

Beckmann, B. V. & Turner, B. (2018). Legal pluralism, social theory, and the state.*Journal of Legal Pluralism and Unofficial Law,* 50(3), 255–274. https://doi.org/ 10.1080/07329113. 2018. 1532674

Furer-Haimendorf, Christoph Von. (1964). *The Sherpas of Nepal: Buddhist Highlanders*. Calcutta and New Delhi: Oxford Book Company.

Hatfield-Dodds, Steve & Nelson, Rohan & Cook, David C. (2007).*Adaptive Governance: An Introduction and Implications for Public Policy*, Conference (51st), February 13-16, 2007, Queenstown, New Zealand 10440, Australian Agricultural and Resource Economics Society.

Stevens, Stanley F. (1993).*Claiming the High Ground: Sherpas, Subsistence, and Environmental Change in the Highest Himalaya.* Berkeley: University of California Press.

■